# बाली संरक्षण समिति नेपाल
# Plant Protection Society Nepal
हरिहरभवन, ललितपुर - २०५९
Hariharbhawan, Lalitpur - 2003

पत्र संख्या
Ref No 98-२०६९/८०

मिति
Date

मितिः २०७९ फागुन १५ गते

श्रीमान् सम्माननिय सभामुखज्यू , प्रतिनिधि सभा, नेपाल ।
श्रीमान् सम्माननिय अध्यक्षज्यू , राष्ट्रिय सभा, काठमाण्डौ ।
श्रीमान् महासचिवज्यू , संघीय संसद सचिवालय, सिंहदरबार काठमाण्डौ ।
श्रीमान् समिति सचिवज्यू , विधायन व्यवस्थापन समिति, राष्ट्रिय सभा, काठमाण्डौ ।
श्रीमान् सचिवज्यू , (कृषि विकास), कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार ।

**बिषयः खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी कानूनलाइ संशोधन र एकिकरण गर्न वनेको विधेयक सम्बन्धमा ।**

विरुवा तथा विरुवाजन्य वस्तुहरुको आयात निर्यात सँगसँगै संक्रामक रोग, कीरा, झारपात इत्यादिको प्रवेश र विस्तार भई तिनीहरुले पुर्याउने गरेको संभावित नोक्सानीबाट बच्न सन् १९५१ मा अन्तरराष्ट्रिय विरुवा संरक्षण महासन्धि (IPPC) ले विरुवा स्वस्थता कार्यको लागि आफ्नो अर्न्तगत विभिन्न ८ वटा क्षेत्रीय संगठनहरुको व्यवस्था गरेकोमा नेपालले पनि सन् १९६५ मा एशिया प्रशान्त क्षेत्रीय बाली संरक्षण आयोग (APPPC) को सदस्यता प्राप्त गरी विरुवा संरक्षण ऐन, २०२९ र विरुवा संरक्षण नियमावली, २०३१ जारी गरी वि.सं. २०३१ सालदेखि नै विरुवा स्वस्थता प्रकृया संचालनार्थ राष्ट्रिय स्तरको कार्यालय, मार्फत विरुवा र विरुवाजन्य वस्तुहरुको कारोबारलाई नियमन गर्दै आएको छ । हाल विरुवा संरक्षण ऐन, २०२९ खारेज भै विरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन २०६४ तथा विरुवा संरक्षण नियमावली २०६६ कार्यान्वयनमा रहेको छ । उक्त ऐन नियमावलीको कार्यान्वयनको जिम्मेवारी प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रमा रहेको छ ।
यस सम्बन्धमा खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी कानूनलाइ संशोधन र एकिकरण गर्न वनेको विधेयक २०७७ मा प्रस्ताव गरिएको व्यवस्थाहरु प्रति यस समितिको गम्भिर ध्यानाकर्षण भएको छ । उक्त विधेयकको परिभाषामा **अप्रशोधित तथा अर्ध** प्रशोधित वस्तुहरुलाइ खाद्य पदार्थको परिभाषामा समेटी सो को नियमन खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले गर्ने प्रस्ताव गरिएकोमा बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन मार्फत नियमन हुने **"बिरुवा, बिरुवाजन्य उपज तथा अन्य वस्तु"** को नियमन कार्य प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रबाट हुनु पर्ने र क्वारेन्टाइन प्रकृया पूरा भै प्रवेश अनुमति प्राप्त भइसकेपछि मात्र अन्य निकायहरु आकर्षित हुने भएकोले सो बमोजीम हुन अनुरोध छ । यसैगरी दफा १० मा पैठारीको लागि स्विकृति लिनु पर्ने सम्बन्धमा उपरोक्त वस्तुहरुको प्रवेश अनुमति बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन बमोजीम लिनु पर्ने हुँदा उक्त वस्तुको सन्दर्भमा उक्त प्रावधान प्रचलित कानुन विपरीत हुन जाने देखिन्छ ।

उक्त विधेयकमा समावेश भएका देहायका बिषयहरु प्रचलित कानुन, अन्तरराष्ट्रिय अभ्यास तथा अन्तरराष्ट्रिय सन्धि सम्झौतामा हस्ताक्षर भइ सो बमोजीम हुनुपर्ने व्यवस्थासँग मेल नखाने गरी प्रस्ताव हुन गएको देखिएकोले पुनर्विचार हुन अनुरोध छ ।

| खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी कानूनलाइ संशोधन र एकिकरण गर्न वनेको विधेयक २०७७ मा प्रस्ताव गरिएको व्यवस्था | बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४ मा भएको व्यवस्था | खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी कानूनलाइ संशोधन र एकिकरण गर्न वनेको विधेयक २०७७ मा परिमार्जन गरिनु पर्ने |
|---|---|---|
| दफा २ को परिभाषा अन्तरगत (घ) मा **खाद्य पदार्थ** भन्नाले साधारणतः मानिसले उपभोग गर्ने **अप्रशोधित, अर्ध प्रशोधित** वा प्रशोधित खाद्य वा पेय पदार्थ, तथा त्यसमा प्रयोग गरिने पोषक | **प्रस्तावना :** बिरुवा तथा बिरुवाजन्य उपजको निकासी, पैठारी र ओसारपसार गर्दा शत्रुजीवको प्रवेश, स्थापना र फैलावट रोक्न तिनीहरुको प्रभावकारी नियन्त्रणको लागि उपयुक्त तरिकाहरु अवलम्बन गरी | बिरुवा, बिरुवाजन्य उपज तथा अन्य वस्तुको परिभाषा भित्र पर्ने सामाग्रीहरु (अप्रशोधित वा अर्ध प्रशोधित) लाइ छुट्टै परिभाषित गरिनु पर्ने । जैविक सुरक्षाको |

*Regd. No. 93/059 DAO, Lalitpur; Email: plantprotectionsociety.nepal@gmail.com*

बाली संरक्षण समिति नेपाल
Plant Protection Society Nepal
हरिहरभवन, ललितपुर - २०५९
Hariharbhawan, Lalitpur - 2003

पत्र संख्या
Ref No

मिति
Date

| | | |
|---|---|---|
| १८. पैठारीकर्ताको दायित्वः खाद्य पदार्थको पैठारी कर्ताले प्रचलित कानुन बमोजीम पूरा गर्नु पर्ने दायित्वका अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछ।<br>(क) खाद्य पदार्थ पैठारी गर्नु अघि विभाग वा विभागले तोकेको कार्यालयबाट स्विकृति लिएर मात्र पैठारी गर्ने।<br>(ख) प्रवेश नाकामा आइसकेका खाद्य पदार्थ विभाग वा विभागले तोकेको कार्यालयले परिक्षण गरी प्रवेश अनुमति जारी गरेपछि मात्र प्रवेश गराउने। | ९. प्रवेश अनुमति पत्रको अवधि ३ महिनाको हुने। | प्रवेश नाकामा क्वारेन्टाइन प्रकृया पूरा भइ प्रवेश अनुमति प्राप्त गरीसकेपछी अन्य प्रकृया पूरा गरी भन्सार प्रकृया अगाडी बढाउने व्यवस्था हुनु पर्ने। |
| ४०. कसूर गरेको मानिने (ख) दफा १० बमोजीम पैठारी गर्नु अघि स्वीकृति वा प्रवेश अनुमति नलिइ खाद्य पदार्थ पैठारी गरेमा। | २२. कसूर गरेको मानिने : कसैले देहाय बमोजिमको काम गरेमा निजले यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ :–<br>(क) यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक प्रवेश अनुमतिपत्र नलिई बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कन्ट्रोल एजेण्ट, लाभदायक कीरा वा माटो पैठारी गरेमा।<br>(ख) स्वस्थता प्रमाणपत्र बिना बिरुवा वा बिरुवाजन्य उपज, बायोलोजीकल कन्ट्रोल एजेन्ट, लाभदायक कीरा वा माटो पैठारी गरेमा,<br>(ग) यो ऐन वा यस ऐन अन्तगनत बनेको नियम बमोजिम दिइएको आदेश वा तोकिएको कुनै शर्त उल्लंघन गरेमा,<br>(घ) संक्रमित बिरुवा वा बिरुवाजन्य उपज पैठारी गरेमा वा ल्याएमा<br>(ङ) जानी जानी वा लापरवाही पूर्वक बिरुवा वा बिरुवाजन्य उपज वा अन्य वस्तुको संसर्ग स्वस्थ बिरुवा, बिरुवा जन्य उपज वा अन्य वस्तु सग गराएमा,<br>(च) संङक्रमित बीरुवा वा बिरुवाजन्य उपज बिक्रि वितरण गरेमा,<br>(छ) पैठारीकर्ताले संक्रमित बिरुवा वा विरुवाजन्य उपज वा अन्य वस्तु तोकिएको प्रकृया नपुर्याई नष्ट गरेमा,<br>(ज) संक्रमित बिरुवा, बिरुवाजन्य उपज वा अन्य वस्तु निरीक्षक वा कार्यालय प्रमुखको | क्वारेन्टाइन पहिलो (Quarantine First) को अन्तरराष्ट्रिय मान्यता अनुरुप पहिले क्वारेन्टाइन आकर्षित हुने क्वारेन्टाइन प्रकृया पूरा भइसकेपछी मात्र अन्य निकाय आकर्षित हुने व्यवस्था अनुरुप परिमार्जन गरिनु पर्ने। |

Regd. No. 93/059 DAO, Lalitpur; Email: plantprotectionsociety.nepal@gmail.com

# बाली संरक्षण समिति नेपाल
## Plant Protection Society Nepal

हरिहरभवन, ललितपुर - २०५९

Hariharbhawan, Lalitpur - 2003


पत्र संख्या Ref No      मिति Date

| | | |
|---|---|---|
| | स्विकृति बिना क्वारेन्टाइन स्थलबाट हटाएमा।<br>(झ) तोकिएको प्रवेश नाका बाहेक अन्य प्रवेश नाकाबाट बिरुवा वा बिरुवाजन्य उपज, वायोलोजीकल कन्ट्रोल एजेण्ट, लाभदायक कीरा वा माटो पैठारी गरेमा वा ल्याएमा,<br>(ञ) यो ऐन र यस ऐन अन्तरगत बनेको नियम बमोजिम खानतलासी गर्न, निरीक्षण गर्न वा नमूना संकलन गर्न नदिएमा वा बाधा पुर्याएमा वा<br>(ट) निरीक्षकले यस ऐन बमोजिम प्राप्त अधिकार प्रयोग गर्दा निजलाइ बाधा पुर्याउने काम गरेमा। | |
| | २४. जफत गरी नष्ट गरीने<br>२५. खर्च व्यहोर्नु पर्ने | |
| | ३२. **भन्सार सम्बन्धि कार्य: प्रचलित भन्सार सम्बन्धि कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम पैठारी गरीएका बिरुवा, बिरुवाजन्य उपज, बायोलोजीकल कन्ट्रोल एजेन्ट, लाभदायक कीरा, अन्य वस्तु, बिरुवा हुर्कने माध्यम जस्तै माटो, झ्याउ, पीट आदिलाई प्लान्ट क्वारेन्टाइन चेकपोष्ट वा कार्यालयबाट नेपालभित्र प्रवेश गर्ने अनुमति प्राप्त भएपछि मात्र सम्बन्धित भन्सार कार्यालयले भन्सार सम्बन्धि प्रकृया अगाडि बढाउनु पर्नेछ।** | मन्त्रालयको निर्णय अनुरुप कुन सामाग्री पैठारी गर्दा कुन निकायले आधिकारीक प्रवेश अनुमति दिने र आकर्षित हुने अन्य कुन कुन निकाय हुने भन्ने व्यवस्था भएकोले सो बमोजीम हुने गरि आवश्यक व्यवस्था गर्नु पर्ने। |

यसर्थ प्रस्तावित विधेयकमा समावेश भएका उपरोक्त बमोजीमका बिषयहरु प्रचलित कानुन, अन्तरराष्ट्रिय अभ्यास तथा अन्तरराष्ट्रिय सन्धि सम्झौतामा हस्ताक्षर भइ सो बमोजीम हुनुपर्ने व्यवस्थासँग मेल नखाने गरी प्रस्ताव हुन गएको देखिएकोले "बिरुवा, बिरुवाजन्य उपज र अन्य वस्तु" को परिभाषा भित्र पर्ने "अप्रशोधित र अर्ध प्रशोधित वस्तुहरू" प्रस्तावित विधेयकबाट हटाउन यस समिति जोडदार माग गर्दै हार्दिक अनुरोध गर्दछ।

डा. डिल्लीराम शर्मा

अध्यक्ष

Regd. No. 93/059 DAO, Lalitpur; Email: plantprotectionsociety.nepal@gmail.com